# बार्षिक बजेट तथाकार्यक्रम

वजेट
तथाकार्यक्रम२०
७८।७९

## महाकालीनगरपालिका

## खलंगा, दार्चुला

## सुदूरपश्चिमप्रदेश

महाकाली नगरपालिकाको यस आठौ नगरसभाका आदरणीय सभाध्यक्ष महोदय

नगरसभा सदस्यज्युहरु

नेपाली जनताको सात दशक लामो त्याग तपस्या र बलिदानको जगमा स्थापित संविधानसभा मार्फत जारी भएको संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ले विद्यमान एकात्मक राज्य ब्यवस्थाको अन्त्य गरे संगै मुलुक संघिय लोकतान्त्रीक गणतन्त्रात्मक शासन ब्यवस्थामा प्रवेश गरेको छ । संविद्यानसभाबाट जारी भएको संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको संबिधान २०७२ को मुख्य विशेषताका रुपमा संघ, प्रदेश र स्थानिय तह गरी तीन तहमा सरकारहरु रहने ब्यवस्था अनुरुप हाल नेपालमा तीनै तहका सरकारहरु क्रियाशिल रहेको छन्।

जनताको सबै भन्दा नजिकको सरकारका रुपमा स्थानिय सरकार रहेकाले जनताको स्थानिय सरकारसंग अपेक्षा स्वभावैले बढी हुन्छ नै तर नगरपालिकासंग रहेको सिमित स्रोत साधनबाट जनताका असिमित तर अति आवश्यक आवश्यकताहरुको समाधान एवं संबोधन गर्न असहज तर अनिवार्य छ। आफूसंग भएका सिमित स्रोत साधनको दिर्घकालिन सोच सहित न्यायोचित रुपमा अधिकतम परिचालन गर्दै जनभावनाको कदर गरी जनताका आवश्यकताहरु संबोधन र समाधान गर्ने संकल्प र योजना सहित महाकाली नगरपालिका अगाडी बढी रहेको छ।

बिभिन्न चुनौतीहरुको सामना गर्दै समुन्नत एवं विकसित नगर निर्माणको अभियानमा महाकाली नगरपालिका अग्रसर भई रहदा विश्व महामारीको रुपमा फैलिएको कोरोना भाईरस कोभिड १९ विश्व विकास सँगै नगर विकासको लागी बाधकका रुपमा खडा भएको छ भने कोरोना सक्रमणका कारण विश्वको जनजिवन त्रसित एवं आतंकित बनेको छ। विश्व भरी कोभिडका कारण लाखौ मानिसहरुले ज्यान गुमाएका छन् नेपालमा मात्रै हजारौको संख्यामा आमा-बुवा, दाजुभाई, दिदीबहिनीहरुले अकालमै ज्यान गुमाउनु परेको छ भने महाकाली नगरपालिकामा पनि ५ जनाले अकालमै ज्यान गुमाएका छन्। यस भाईरसको संक्रमणका कारण ज्यान गुमाउनु हुने सम्पुर्णमा श्रद्धा सुमन ब्यक्त गर्दै उपचाररत रहनु हुने सम्पुर्णमा शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

कोभिड-१९का संक्रमितहरुको उपचारमा अहोरात्र खटिनु हुने स्वास्थ्यकर्मीहरु प्रति बिशेष सम्मान ब्यक्त गर्दै कोरोना रोकथाम नियन्त्रण र ब्यवस्थापनमा खटिनु हुने समस्त स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, राष्ट्र सेवक कर्मचारी, बिपद प्रतिकार्य दस्ताप्रति सम्मान ब्यक्त गर्न चाहन्छु। कोरोना रोकथामका लागि गरीएको बन्दा बन्दी

र निशेधाज्ञाको पालन गर्दै आफ्ना ईच्छा आकांक्षाहरुलाई नियन्त्रण गरी घरमै बसी कोरोना नियन्त्रमा ऐक्यवद्धता जनाई सहयोग गर्नु हुने समस्त नगरबासी आमा,बुवा दाजुभाई दिदी बहिनीहरुमा धन्यवाद दिन चाहन्छु । कोरोना रोकथाम नियन्त्रण ब्यवस्थापनमा स्वस्फुर्त रुपमा आर्थिक, भौतिक सहयोग गर्नुहुने सम्पुर्ण सहयोगी मनहरुलाई विशेष धन्यवाद दिन चाहन्छु।

हाम्रा सामु कोभिड १९ को महामारी विरुद्धको लडाई जित्नै पर्ने अनिवार्य आवश्यक्ता भएकोछ। यसले पुर्याएको आर्थिक, शैक्षिक एवं भौतिक क्षति अपुरणीय भए पनि हामीले पुनः सबै क्षेत्रहरुलाई चलायमान बनाई समाजलाई पुनः विकासको लयमा फर्काउनु आवश्यक छ।

सभाध्यक्ष महोदय

अब म यस सम्मानित नगर सभा समक्ष आर्थिक बर्ष २०७८/७९को लागी निर्धारित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न स्रोत परिचालनका लागि गरिएको प्रबन्ध प्रस्तुत गर्न चाहन्छु ।

निर्धारित कार्यक्रम कार्यान्वयनका लागि आवश्यक खर्च बेहोर्ने स्रोत अन्तगत संघिय वितिय समानीकरण अनुदानबाट १३ करोड ९५ लाख, संघिय ससर्त अनुदानबाट २६ करोड नौ लाख संघिय राजस्व बाँडफाडबाट ७ करोड २३ लाख, प्रदेश समानिकरण अनुदानबाट १ करोड २ लाख ५८ हजार, प्रदेश राजस्व बाँडफाड तथा सवारी कर बाट १५ लाख ४८ हजार, संघिय बिशेष अनुदानबाट ३ करोड ६६ लाख, संघीय समपुरक अनुदानबाट १ करोड ६० लाख, प्रदेश विशेष अनुदानबाट २५ लाख, प्रदेश समपुरक अनुदान ९६ लाख, सामाजिक सुरक्षा भत्तामा ५ करोड, आन्तरिक आय १ करोड ५० लाख, भारतीय राजदुताबास अनुदान ९३ लाख ३६ हजार र चालु आ.ब. मौज्दात रकम समेत संचित कोषमा प्राप्त भई खर्च ब्यहोर्ने गरी ६३ करोड ३५ लाख ४२ हजार बार्षिक बजेट अनुमान यस सम्मानित नगरसभा समक्ष प्रस्तुत गरेकोछु।

सभाध्यक्ष महोदय

यस सम्मानित सभा समक्ष अब म ब्यय अनुमान प्रस्तुत गर्न चाहन्छु ।

१. विश्व महामारीको रुपमा रहेको कोभिड १९ रोकथाम नियन्त्रण तथा प्रकोप ब्यवस्थापनका लागि रु. ४० लाख बिनियोजन गरेकोछु।
२. आधारभुत स्वाथ्य सेवालाई थप प्रभावकारी एवं ब्यवस्थित गर्न रु. ५०लाख रकम विनियोजन गरेको छु।

<u>जस अन्तर्गत</u>

- ✓ स्वास्थ्य क्षेत्रको विकासका लागि काटै स्वास्थ्य चौकी र छापरी स्वास्थ्य चौकीमा सञ्चालनमा रहेका बर्थिङ सेन्टरहरुलाई पुर्ननिर्माण गरी सुरक्षित एवं सुविधा सम्पन्न बनाउन आवश्यक बजेट विनियोजन गरेको छ।
- ✓ आधारभुत स्वास्थ्य सुविधाबाट बञ्चित रहेको म.न.पा. ६ पौनेखोलामा शहरी स्वास्थ्य केन्द्र स्थापना गर्न आवश्यक बजेट छुट्याएको छु।
- ✓ स्वास्थ्य क्षेत्रको मेरुदण्डको रुपमा रहेका महिला स्वास्थ्य स्वयं सेबिकाहरुलाई प्रोत्साहन स्वरुप गत बर्ष देखि प्रदान गरिदै आएको बार्षिक १२ हजार प्रोत्साहन रकमलाई निरन्तरता दिएको छु।
- ✓ सुत्केरी आमाहरुको पोषणमा सुधार गर्ने उद्देश्यले <u>"सुत्केरी आमालाई नगर उप-प्रमुखको उपहार कार्यक्रम"</u> अन्तर्गत पोषणयुक्त कोशेली प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिएकोछु।
- ✓ जेष्ठ, असहाय एवं अपाङ्गहरुलाई घर दैलोमा पुगि स्वास्थ्य सेवा एवं परामर्श प्रदान गर्ने उद्देश्यले <u>जेष्ठ, असहाय एवं अपाङ्गको सेवामा</u>
  <u>"नगरका स्वास्थ्यकर्मी घरदैलोमा"</u> कार्यक्रम संञ्चालन गर्न आवश्यक बजेट छुट्याएको छु।
- ✓ नगरपालिका भित्र संञ्चालित सबै स्वास्थ्य चौकी, आधारभुत स्वाथ्य केन्द्र र शहरी स्वास्थ्य केन्द्रहरुका लागि आवश्यक औजार/उपकरणको ब्यवस्थापन गर्न बजेट ब्यवस्था गरेकोछु।
- ✓ धाप स्वास्थ्य चौकीलाई नमुना स्वास्थ्य चौकीका रुपमा विकास गर्दै लैजाने योजना अनुरुप **MBBS** डाक्टर नियुक्त गरी चिकित्सकिय स्वास्थ्य सेवा नगरका सम्पुर्ण स्वास्थ्य चौकीहरुबाट प्रदान गर्ने ब्यवस्था मिलाईनेछ।
- ✓ धाप स्वास्थ्य चौकिमा आगामी आ.ब. भित्र ल्याव व्यवस्थापनको लागि आवश्यक बजेट छुट्याएको छु।
- ✓ बर्थिङ सेन्टरमा न्युन सुविधामा काम गरिरहेका अ.न.मी.हरुलाई प्रदान गरिदै आएको प्रोत्साहन रकमलाई निरन्तरता प्रदान गरेको छू।
- ✓ नगर एम्बुलेन्स मार्फत हृदयघात, मस्तिस्क घात, मृगौला फेलियर, आगोबाट जलेको, खतराको चिन्ह देखिएका गर्भवती, सडक दुर्घटना एवं अन्य दुर्घटनाका गम्भीर घाईते साथै कोभिडका बिरमीहरुलाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने ब्यवस्था मिलाएको छु।

✓ आयुर्वेद सेवा तर्फ बढ्दो आकर्षणलाई मध्यनजर गर्दै आयुर्वेद सेवा कार्यक्रम संञ्चालन गरिनेछ।

<u>सभाध्यक्ष महोदय</u>

<u>शैक्षिक नगरी निर्माण अभियान अन्तरगत शैक्षिक कार्यक्रम सञ्चालन गर्न ४ करोड ८६ लाख रकम विनियोजन गरेकोछु।</u>

<u>जस अन्तर्गत</u>

१. विद्यालयहरुका बार्षिक शैक्षिक कार्यक्रमहरुमा एक रुपता ल्याउन शैक्षिक क्यालेन्डर निर्माण गरी सबै विद्यार्थि, शिक्षकहरुलाई निःशुल्क वितरणको ब्यवस्था मिलाउन बजेट विनियोजन गरेकोछु।

२. बाल बालिकाहरुमा रहेको अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गराउने उद्देश्यले प्रतिभा पहिचानका कार्यक्रमहरु विद्यालय स्तरमा सञ्चालन गर्ने ब्यवस्था मिलाएकोछु।

३. "प्रविधिमैत्री सिकाई" कार्यक्रम अन्तर्गत कक्षा ६-८ सञ्चालित सबै १८ बटा मा.बि. र आ.वि.हरुमा कम्प्युटर प्रशिक्षक मार्फत कम्प्युटर विषय अध्यापन गराउने ब्यवस्था मिलाउन आवश्यक बजेट छुट्याएकोछु।

४. न्युन दरबन्दी रहेका र दरबन्दी प्राप्त नगरेका सामुदायिक विद्यालयहरुमा परिचालन गरीएका गुणस्तर सुधार सहजकर्ताहरुलाई निरन्तरता प्रदान गरेको छु।

५. "<u>महाकाली शिक्षा</u>" नामक शैक्षिक पत्रिका प्रकाशन गरी शिक्षक, विद्यार्थी, अभिभावक एवं शिक्षाविद्हरुका अनुसन्धानमुलक लेख रचना एवं विद्यालयहरुका असल अभ्यासहरुलाई प्रकाशन गर्ने ब्यवस्था मिलाईनुका साथै अनुसन्धानात्मक शिक्षण गर्ने शिक्षकहरुलाई प्रोत्साहन गरीनेछ।

६. बाल विकास शिक्षकहरुलाई गत बर्ष देखि प्रदान गरिदै आएको प्रति विद्यार्थी प्रोत्साहन रकमलाई निरन्तरता दिदै थप प्रोत्साहन स्वरुप सबै बाल विकास शिक्षकहरु र विद्यालय कर्मचारीहरुलाई प्रोत्साहन रकम उपलब्ध गराउन बजेट ब्यवस्था गरेकोछु।

७. दृष्टि विहिन बालबालिकाहरुका लागि यसै शैक्षिक सत्रमा विशेष विद्यालय संञ्चालन गर्न बजेट ब्यवस्था गरेको छु।

८. नगरपालिका भित्रका सबै मा.वि. हरुमा कम्प्युटर ल्याव स्थापना भई सकेको र ६- ८ संञ्चालित सबै आ.वि.हरुमा कम्प्युटर ल्याब स्थापना गर्ने कार्यक्रम अन्तर्गत बाकी रहेका ३ आ.वि.हरु

आ.वि.सकार, आ.वि. जायझुल, आ.वि झुस्कुमा कम्प्युटर ल्याव स्थापना गर्न बजेट विनियोजन गरेकोछु।

९. **"बिद्यार्थी माझ नगर प्रमुख"** कार्यक्रम सञ्चालन गरी विद्यार्थीका समस्या नगर प्रमुखबाट समाधान गर्ने ब्यवस्था मिलाउन बजेट विनियोजन गरेकोछु।

१०. कोरोनाका कारण भएको शैक्षिक क्षति न्युनिकरण गर्न बैकल्पिक विधिबाट सिकाई सहजिकरण गर्ने ब्यवस्था मिलाउन आवश्यक बजेट विनियोजन गरेकोछु।

११. बाल विकास केन्द्र सबलिकरण कार्यक्रम अन्तर्गत २६ बाट वाल बिकास केन्द्रहरुलाई बाल मैत्री र प्रविधि मैत्री बनाउने कार्य सम्पन्न भएको र आगामी आ.व.मा थप ८ वटा वाल विकास केन्द्रहरुलाई बालमैत्री एवं प्रविधि मैत्री बनाउन बजेट ब्यवस्था गरेकोछु।

१२. विद्यार्थीहरुमा रहेको खेल प्रतिभाको पहिचान एवं विकासका लागि नगरपालिका अन्तर्गतका १० वटै मा.वि.हरुमा खेल प्रशिक्षक परिचालन गर्न आवश्यक बजेट विनियोजन गरेकोछु।

१३. प्रत्येक विद्यालयमा एक डीजिटल (Digital) कक्ष बनाउने योजना अनुरुप १० वटा विद्यालयमा १० वटा डिजिटल कक्ष निर्माणको कार्य प्रगतिमा रहेको र यस शैक्षिक शत्रमा थप ५ वटा विद्यालयमा डिजिटल कक्ष निर्माण गर्न आवश्यक बजेट विनियोजन गरेकोछु।

१४. विद्यालयहरुको भौतिक ब्यवस्थापन अन्तरगत विद्यालय भवन निर्माण एवं जिर्ण रहेका विद्यालय भवनहरुको जिर्णोधारका लागि बजेट विनियोजन गरेकोछु।

१५. शिक्षकहरुमा रहेको ज्ञान, सिप, क्षमता र अनुभवलाई समयानुकुल रुपमा परिस्कृत गर्दै लैजान आवश्यक तालिम तथा भ्रमण कार्यक्रम सञ्चालन गर्ने ब्यवस्था मिलाएकोछु।

१६. कक्षा ८,९ र १० मा न्युन सिकाई उपलब्धी देखिएका गणित र अंग्रेजी बिषयको सिकाई उपलब्धी बढाउन ९० दिनको निःशुल्क अतिरीक्त कक्षा सञ्चालनका लागि विद्यालयहरुलाई प्रोत्साहन गर्न आवश्यक बजेट ब्यवस्था गरेकोछु।

१७. नगरपालिका अन्तरगतका सवै विद्यालयहरुमा एकनासको फर्निचर निर्माण गर्ने योजना अन्तरगत ३८ वटा आधारभुत विद्यालयहरुमा फर्निचर निर्माण कार्य प्रगतिमा रहेको र बाकी रहेका १० माध्यमिक विद्यालयहरुमा फर्निचर निर्माणका लागि बजेट बिनियोजन गरेकोछु।

सभाध्यक्ष महोदय

कृषि तथा पशु कार्यक्रम तर्फ ३ करोड ६३ लाख रकम विनियोजन गरेकोछु।

युवा शक्तीलाई कृषि पेशामा आकर्षित गरौ।

महाकाली नगरपालिकालाई कृषि उत्पादनमा आत्म निर्भर बनाऔ।।

भन्ने नारा सहित कृषि तथा पशुपालन ब्यवसायमा युवाहरुलाई आर्कषित गर्न कृषि तथा पशुपालन ब्यवसाय अंगाल्न चाहने युवाहरुलाई वित्तिय संस्थाहरु संगको सहकार्यमा रु. १० लाख सम्मको ऋण ३ बर्ष सम्मको सम्पुर्ण ब्याज महाकाली नगरपालिकाले ब्यहोर्ने गरी प्रदान गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

- **<u>"कृषकको खेतबारीमा कृषि प्राविधिक कार्यक्रम"</u>** सञ्चालन गरी कृषकहरुका खेतवारी तथा गोठ गोठमा पुगेर प्राविधिक सेवा प्रदान गर्न प्रत्येक वडामा २ जनाका दरले १८ जना कृषि प्राविधिकहरुलाई स्वयं सेवकका रुपमा परिचालन गर्ने ब्यवस्था मिलाएकोछु।
- आफ्नो जिवनलाई अन्न उत्पादन गर्नमा समर्पित गर्ने कृषकहरुलाई **"अन्नदाता कृषक सम्मान कार्यक्रम"** संञ्चालन गरी कृषक सम्मान गर्ने संस्कृतिको थालनि गरिनेछ।
- सबै खेतीयोग्य जमिन सम्म सिचाई सुविधा पुर्याउने योजना अन्तरगत सिचाई कार्यक्रमका लागि २ करोड ६३ लाख रकम विनियोजन गरेकोछु।

<u>जस अन्तरगत</u>

| | | |
|---|---|---|
| म.न.पा. वडा नं. ९ | सकार सिचाई योजनामा | १ करोड ५८ लाख |
| म.न.पा. वडा नं. ८ | पल्लो र विच काकडा सिचाई योजनामा | १० लाख |
| म.न.पा. वडा नं. ७ | धाप सिचाई योजनामा | २० लाख |
| म.न.पा. वडा नं. ३ | झूस्कु सिचाई योजनामा | २० लाख |
| म.न.पा. वडा नं. २ | मैखोली सिचाई योजनामा | २० लाख |
| म.न.पा. वडा नं. ३ | मानाकोट जाख सिचाईमा योजना | २० लाख |

र नगर क्षेत्र भित्र साना सिचाई योजनाका लागि १५ लाख बजेट विनियोजन गरेकोछु।

- ✓ कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि गर्न कृषकहरुलाई प्रोत्साहन गर्ने उदेश्यले **" उत्पादनको परिमाणको आधारमा अनुदान"** दिने ब्यवस्था मिलाएकोछु।
- ✓ स्थानिय विउ लोप हुदै गई रहेकाले स्थानिय विउ उत्पादन गर्ने किसानलाई प्रोत्साहन दिने ब्यवस्था मिलाएकोछु।
- ✓ म.न.पा. ६ निसिलमा सुन्तलाको नर्सरी स्थापना गर्न आवश्यक रकम विनियोजन गरेकोछु।
- ✓ ब्यवसायिक रुपमा कृषि तथा पशुपालन गरिरहेका कृषकहरुको पहिचान गरी कृषक परिचय पत्र वितरण कार्य शुभारम्भ गरीनेछ।
- ✓ कृषकहरुलाई ५० प्रतिशत अनुदानमा उन्नत विउ विजन बितरण तथा पोलि हाउस निर्माण गर्न आवश्यक बजेट विनियोजन गरेकोछु।

- ✓ कृषकहरुको कार्यबोझ कम गर्ने उद्देश्यले कृषक तथा कृषक समुहहरुलाई आवश्यक औजार एवं उपकरण वितरण गर्ने ब्यवस्था मिलाएकोछु।
- ✓ लिजमा जग्गा लिई सामुहिक खेति गर्न चाहने कृषकहरुलाई प्रोत्साहन गर्न आवश्यक कार्यक्रम संञ्चालन गरिनेछ।
- ✓ उन्नत गाई पालन गर्ने कृषकहरुलाई प्रोत्साहन गर्ने उद्देश्यले कृतिम गर्भाधानका लागि प्रति उन्नत गाई बार्षिक रु १५ सय अनुदान दिने ब्यवस्था मिलाएकोछू ।
- ✓ नगर क्षेत्र भित्र भैसि पालन व्यवसाय लोप हुदै गई राखेकोले उन्नत जातको भैसि पालन व्यवसाय गर्ने कृषकलाई ५० प्रतिशत अनुदानमा उन्नत जातको भैसि वितरण गर्न आवश्यक बजेट ब्यवस्था गरेकोछु।
- ✓ नगर क्षेत्र भित्र मह उत्पादनको प्रचुर सम्भावना रहेकोले माहुरी पालन गर्न चाहने कृषकलाई ५० प्रतिशत अनुदानमा आधुनिक माहुरी घार वितरण गर्ने ब्यवस्था मिलाएकोछु।
- ✓ उन्नत गाई तथा भैसी पालन गरि रहेका कृषकहरुलाई गोठ सुधार गर्न रु. १० हजार अनुदान दिने व्यवस्था मिलाएकोछू।

**सभाध्यक्ष महोदय**

**आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको सडक सञ्जालसंग ग्रामिण बस्तिहरुलाई जोड्ने योजना अनुरुप सडक पुर्वाधार निर्माण तर्फ रु. ४ करोड ३० लाख रकम विनियोजन गरेको छु।**

जस अन्तर्गत

| | |
|---|---|
| काटै-बाज-जायझुल सडकमा | ८१ लाख |
| डड्याकटाल थामु घौकोट दोपखे सडकमा | ८१ लाख |
| निसिल जेवलधार पौनेखोला सडकमा | ९८ लाख |
| सडक मर्मत सुधार कार्यक्रम सडक बोर्डमा | ३० लाख |
| खोली डाडा उलेनी सडकमा | २० लाख |
| दत्तु थाप्ला सडकमा | १५ लाख |
| मेनरोड देखी लेक सडकमा | २० लाख |
| मुल्ला मैखोली सडकमा | १५ लाख |
| घौलीगाड सडकमा | ३० लाख |
| श्रीबगड छापरि सडकमा | ४० लाख |

- सिप र कलाका धनी दलित समुदायको जिवन स्तर उकास्ने कार्यक्रम संचालन गर्न रु. २० लाख रकम विनियोजन गरेकोछु।

  <u>खेलकुद</u>

  <u>"नगर निर्माणमा युवा, नगर खेलकुदमा युवा"</u> भन्ने मुल नारा सहित क्षेत्रिय, राष्ट्रिय र अन्तराष्टिय स्तरका खेलाडीहरु उत्पादन गर्ने योजना अनुरुप खेलकुद क्षेत्रको विकासका लागि रु. ६० लाख विनियोजन गरेकोछु।

जस अन्तर्गत

| | |
|---|---|
| शिव नगर खेल मैदान निर्माणका म.न.पा. ४ मा | रु. २० लाख |
| घाप खेल मैदान निर्माणका म.न.पा. ७मा | रु. २५ लाख |
| विविध खेलकुद कार्यक्रम सञ्चालन ब्यवस्थपनका लागि | रु. १५ लाख विनियोजन गरेकोछु। |

- न्यायिक सेवालाई न्यायिक सचेतना कार्यक्रम मार्फत जनस्तर सम्म पुग्याउन, अदालति प्रकृया सहजिकरण तथा समन्वयन गर्न एवं न्यायिक निरुपणमा न्यायिक समितिको सेवा प्रभाबकारी बनाउन आवश्यक वजेट विनियोजन गरेकोछु।
- म.न.पा. ४ बजार क्षेत्रमा रहेको बसपार्क ब्यवस्थापनका लागी आवश्यक बजेट विनियोजन गरेकोछु ।

<u>सभाध्यक्ष महोदय</u>

<u>आन्तरिक तथा बाह्य प्रयटकहरु नगर क्षेत्रमा भित्र्याउने योजना अनुरुप प्रर्यटन तथा सास्कृतिक कार्यक्रम तर्फ रु. १ करोड ४६ लाख २६ हजार विनियोजन गरेकोछु।</u>

<u>जस अन्तगत</u>

- समुदायको ५० प्रतिशत लागत सहभागितामा विभिन्न मठ मन्दीर निर्माण तथा मर्मत गर्न रु . ३० लाख ।
- डुङ्गरी क्षेत्र विकास कार्यक्रम संचालन गर्न रु. ७१ लाख २६ हजार
- भ्युटावर क्षेत्र व्यवस्थापन गर्न रु. २० लाख र
- म.न.पा. ४ शिवनगरमा शिव मन्दिर निर्माण गर्न रु. २० लाख विनियोजन गरेकोछू।

✓ "मेरो सिप र श्रम मेरो माटोलाई" कार्यक्रम अन्तगत knowledge bank स्थापना गर्न तथा बेरोजगारहरुको सुचिकरण गर्न आवश्यक बजेट ब्यवस्थापन गरेकोछु।

नगर क्षेत्र भित्रका प्रत्येक घरधुरी सम्म शुद्ध खानेपानीको सहज आपुर्ति गर्ने योजना अनुरुप रु. १ करोड १३ लाख रकम बिनियोजन गरेकोछु।

जस अन्तगत

१. लास्कु खानेपानी- म.न.पा. १ — रु. २५ लाख

२. मैखोली खानेपानी- म.न.पा. २ — रु.१० लाख

३. मल्ला किम्तडी खा.पा - म.न.पा. ५ — १० लाख

४. निसिल खानेपानि- म.न.पा. ६ — १० लाख

५. पौनेखोला खानेपानि- म.न.पा. ६ — १० लाख

६. खडका खोला खानेपानि - म.न.पा. ७ — १० लाख

७. पन्तनगर खानेपानी- म.न.पा. ८ — ३ लाख

८. असिगडा खानेपानी- म.न.पा. ८ — १० लाख

९. बेत खानेपानी - म.न.पा. ९ — रु. ३ लाख

१०. लेक खानेपानी- म.न.पा. ९ — रु. २ लाख

११. अन्य विविध खानेपानी योजनाको लागि रु. २०लाख विनियोजन गरेकोछु।

➢ महाकाली नगरपालिकाको मुख्य बजार क्षेत्र वडा नं. ४ र ५ को खानेपानी समस्या समाधानका लागी महाकाली नगरपालिकाको विशेष पहलमा एसियाली विकास बैक, महाकाली नगरपालिका, नगर विकास कोष र स्थानिय उपभोक्ताहरुको संयुक्त लगानीमा सञ्चालित बृहत खानेपानी योजनाको काम १ बर्ष भित्र निर्माण सम्पन्न हुने विश्वास लिएकोछु। यस योजनाको निर्माण संगै बजार क्षेत्रका प्रत्येक घरधुरीमा २४ सै घण्टा शुद्ध खानेपानिको आपुर्ति हुनेछ।

सभाध्यक्ष महोदय

नगरपालिकालाई सफा र स्वच्छ बनाउने योजना अनुरुप सरसफाईका लागि रु. ५० लाख बिनियोजन गरेकोछु।

"सबै नगरबासीको एउटै रहर सफा र स्वच्छ महाकाली नगर" भन्ने मुल नारा अन्तर्गत "कुहिने र नकुहिने फोहोर छुट्याऔ सफाईकर्मीलाई जिम्मा लगाऔ" भन्ने अभियान सञ्चालन गरि महाकाली नगरपालिकाको सरसफाईमा सबै नगरवासिलाई सहभागी गराउने गरि कार्यक्रम संञ्चालनमा ल्याईनेछ।

✓ नगरपालिकालाई स्वच्छ  र सफा राख्न निरन्तर नगरवासिको घर दैलोमा पुगि फोहोर संकलन गर्नु हुने सफाईकर्मीहरुलाई दिईदै आएको पारिश्रमिकमा मासिक रु. २ हजार थप गर्ने ब्यवस्था मिलाएको छु।

✓ सरसफाई केन्द्र  निर्माणको कार्य सम्पन्न हुने चरणमा रहेकोले भाद्र १ गते देखि सरसफाई केन्द्र संञ्चालनमा ल्याई फोहोर मैलाको उचित ब्यवस्थापन गरीनेछ । सरसफाई केन्द्र निर्माणका लागि खेट्टेबगरबासीबाट प्राप्त सहयोगका लागि खेट्टेबगर समुदायलाई हार्दिक धन्यवाद एवं आभार ब्यक्त गर्न चाहन्छु।

✓ हाल सम्म फोहोर मैलाको उचित ब्यवस्थापन हुन नसक्दा जन जिवनमा पर्न गएको असुविधाका लागि क्षमा प्रार्थीछु । नगर सरसफाई अभियानमा सबै नगरबासिबाट प्राप्त सहयोगको लागि हार्दिक धन्यवाद दिदै स्वच्छ सफा नगर निर्माण अभियानमा सम्पुर्ण नगरबासीको निरन्तर रुपमा उत्साहजनक सहभागिताको अपेक्षा गरेकोछु।

<u>सभाध्यक्ष महोदय</u>

<u>महिला वालबालिका,जेष्ठ नगरिक तथा अपाङ्ग कार्यक्रम तर्फ रु. १ करोड १० लाख ५० हजार बिनियोजन गरेको छु)</u>

➢ "एकल महिलाको साथि नगर उप-प्रमुख" कार्यक्रम अन्तगर्त  एकल महिला दिदी बहिनीहरुलाई सामाजिक आर्थिक रुपमा शसक्तिकरण गर्ने उद्देश्यले एकल महिलाले ईच्छाएको व्यवसाय व्यवस्थापनका लागि बिउ पुंजीको रुपमा रु. २५ हजार अनुदान प्रदान गर्न आवश्यक बजेट विनियोजन गरेकोछु।

➢ ५० बर्ष मुनिका एकल महिला दिदी बहिनीहरुले संञ्चालन गर्ने ब्यवसायका लागि वितिय संस्थासंगको सहकार्यमा रु. १० लाख सम्मको ऋण ३ बर्ष सम्मको सम्पुर्ण ब्याज नगरपालिकाले ब्यहोर्ने गरी प्रदान गर्ने ब्यवस्था मिलाउन आवश्यक बजेटको विनियोजन गरेको छु।

➢ पाठेघरको क्यान्सर र स्तन क्यान्सर जस्ता स्त्री रोगको समस्याले ग्रसित महिला दिदी बहिनीहरुको उपचारका लागि आवश्यक आर्थिक सहयोग गर्ने ब्यवस्था मिलाउन बजेट विनियोजन गरेकोछु।

- महिला दिदी बहिनीहरुबाट संञ्चालित उद्योग तथा व्यवसाय नगरपालिकामा दर्ता तथा नविकरण गर्दा लाग्ने ब्यवसाय करमा ५० प्रतिशत छुट दिने ब्यवस्था मिलाएको छु।
- महिला समुह, आमा समुह गठन परिचालन, ब्यवस्थापन तथा महिला सशक्तिकरणका लागि आवश्यक बजेट बिनियोजन गरेकीछु।
- आफ्नो जिवनको स्वर्णिम युवा उमेर समाजको विकास र प्रगतिका लागि समर्पित गरेका जेष्ठ आमा बुवाहरुलाई <u>" जेष्ठ आमाबुवालाई वडा अध्यक्षको सम्मान कार्यक्रम"</u> मार्फत सम्मान गर्ने संस्कृतिको थालनि गरेकोछु।
- बुढेसकालको सहारा गुमाई बेसहारा भएका जेष्ठ आमा बुवाहरुलाई **"बेसहारा आमा बुवाको सहारा नगर प्रमुख"**_कार्यक्रम मार्फत खाध्यान्न लत्ताकपडा तथा उपचार सहयोगको लागी रु. २७ लाख बजेट विनियोजन गरेको छू।
- <u>"टुहुरा बालबालिकाहरुका अभिभावक नगर प्रमुख</u>" कार्यक्रम मार्फत आमा बुवा गुमाएका टूहुरा वाल वालिकाहरुलाई खाध्यान्न लत्ताकपडा शैक्षिक सामग्री तथा उपचारमा सहयोग गर्न आवश्यक रकम विनियोजन गरेकोछू।
- नगरपालिका भित्र रहेका विपन्न परिवारहरुको पहिचान गरी त्यस्ता विपन्न परिवारहरुलाई सुपथ मुल्य पसल मार्फत चामलमा प्रतिकिलो रु. १० र दालमा प्रति किलो रु. २० छुट दिने ब्यवस्था मिलाउन आवश्यक बजेट विनियोजन गरेकोछू।

जनताको समस्या बुझ्न नगर प्रमुख जनताको घरदैलोमा कार्यक्रम सञ्चालन गरी <u>जनता संग नगरप्रमुख कार्यक्रम</u> मार्फत जनताका समस्या समाधान गर्ने ब्यवस्था मिलाएको छु। यसका लागी **रु. ५० लाख** रकम बिनियोजन गरेको छु।

- <u>उज्यालो नगर अभियान</u> अन्तगत नगरका सबै वडाका सबै बस्तीहरुमा सौर्यबत्ती तथा विद्युतिय led बत्ती जडान गरी रातीको समयमा हुने आपराधिक क्रियाकलाप न्युनिकरण एवं आकस्मीक अवस्थामा सहज हिडडुलको ब्यवस्थापनका **लागि रु. ३६ लाख** रकम बिनियोजन गरेकोछु ।
- विद्युतको पहुचबाट टाढा रहेको महाकाली नगरपालिका वडा नं. १ बबामा साना जलविद्युत योजना निर्माण को कार्य यसै बर्ष सम्पन्न हुने गरी बजेट ब्यवस्था गरेको छु।
- म.न.पा. ६ पौनेखोला र म.न.पा. २ मुल्ला घट्टेखोलामा विद्युत विस्तारका लागी टेन्डर भए पनि कार्य प्रगती नभएकोले आवश्यक पहल कदमी चालिनेछ।

- लोक सेवा आयोग तथा शिक्षक सेवा आयोगबाट स्थाई रोजगारीका लागी लिएने परिक्षामा नगरका युवाहरुलाई  सफल हुने गरी तयार गर्न लोकसेवा तथा शिक्षक सेवा आयोगका तयारी कक्षा निःशुल्क सञ्चालन गर्ने ब्यवस्था मिलाउन आवश्यक बजेट विनियोजन गरेकोछु।
- नेपाल सरकारले लिएको ३ खम्बे अर्थ निति अनुरुप सार्वजनिक क्षेत्र, निजि क्षेत्र र सहकारी क्षेत्रलाई नगरको विकासमा गोलबन्द गराउने नीति अनुरुप सहकारी क्षेत्रलाई नगर निर्माण अभियानको एउटा महत्वपुर्ण साझेदारका रुपमा लिई सहकारी क्षेत्रको विकासका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।
- नगरका ५०० बढी वेरोजगार युवाहरुलाई न्युनतम १०० दिनको रोजगारी उपलब्ध गराउने उद्धेश्यले सञ्चालित **"नगर प्रमुख रोजगार कार्यक्रम"** कार्यान्वयनका लागि आवश्यक वजेट विनियोजन गरेकोछु।

<u>सभाध्यक्ष महोदय</u>

अन्तमा  परिवर्तित राज्य ब्यवस्था अन्तगत नेपालको संविधानले सृजित गरेका अधिकारहरु र तिनको कुसल कार्यान्वयन अभ्यास मार्फत सम्वृद्ध नगर निर्माण का लागि संवेदनसिल र कोभिड १९ महामारीको यस चुनौतिपुर्ण घडीमा महाकाली नगरपालिकालाई नमुना स्थानिय तहको रुपमा स्थापित गर्न यहाँहरु सबैको निरन्तर सकारात्मक सहयोगको अपेक्षा गर्दछु।

साथै आर्थिक बर्ष २०७८/०७९ को बार्षिक बजेट तयार गर्न सुझाव सहित प्रेरित गर्नुहुने नगर प्रमुख ज्यु, नगर सभा सदस्य ज्युहरु, राष्ट्र सेवक कर्मचारी मित्रहरु, नगरबासी जनताहरु लगायत सम्पुर्ण शुभेच्छुकहरु प्रति हार्दिक आभार ब्यक्त गर्दछु।

धन्यवाद